# कला प्रतियोगिताको लागि आह्वान

## शान्तिः मेरो आँखाबाट




सामाजिक परिवर्तन केन्द्र (CSC) ले १४-२४ वर्षका युवा कलाकारहरुका लागि “शान्ति: मेरो आँखाबाट”- राष्ट्रिय कला प्रतियोगिता घोषणा गरेको छ ।

**विषय :** सामाजिक सद्भाव र शान्तिलाई तपाईंको रचनात्मकता प्रयोग गरि कसरी कला मार्फत व्यक्त गर्न सकिन्छ भन्ने कुरा अभिव्यक्त गर्न उचित विषयको छनोट गर्नुहोस् ।

**प्रतियोगिता श्रेणीहरू :** यी मध्ये कुनै एउटा कलालाई छनोट गर्नुहोस

१. फोटोग्राफी (न्यूनतम ८ मेगापिक्सेल)

२. चित्रकला (क्यानभास साइज २×२ फिटसम्म)

३. छोटो मोबाइल भिडियो (३० सेकेन्डदेखि ३ मिनेटसम्म)

**योग्यता:** १४-२४ वर्ष उमेरका, नेपालमै बसोबास गर्ने सबै युवा कलाकारहरूलाई भाग लिन यस प्रतियोगितामा आह्वान गरिएको छ ।

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

**पठाउने प्रक्रिया:**

- एउटा कलाकारले कुनै एक कला विधिमा मात्र आफ्नो आवेदन दिन सक्नेछ ।
- आवेदन पेश गरेको कलालाई १५० शब्दमा (नेपाली वा अंग्रेजीमा) व्याख्या गरि छुटै पठाउनु पर्नेछ ।
- फोटो र छोटो मोबाइल भिडियोहरू डिजिटल रूपमा contact@socialchange.org.np इमेल मार्फत बुझाउनु सकिने छ ।
- छोटो मोबाइल भिडियोहरूको लागि यूट्यूब वा सोशल मिडिया लिङ्कहरू पनि स्वीकार गरिनेछ ।
- चित्रकलाको लागि केवल उच्च-रिजोल्युसनका (high resolution) क्यानभासका तस्विरहरु स्वीकार गरिनेछ । क्यानभासको छनोट पश्च्यात छानिएका original क्यानभास पठाउनु पर्नेछ ।

काठमाडौं उपत्यकाभित्रका कलाकारहरूले मध्य-बानेश्वरस्थित CSC कार्यालयमा व्यक्तिगत रूपमा आफ्नो कलाकृति बुझाउन सक्नु हुनेछ त्यसैगरी कैलाली, बारा, सुनसरी र रूपन्देही जिल्लाहरु मार्फत पनि इच्छुक कलाकारले आफ्नो कलाकृति CSC को जिल्ला सहयोगी (Field Officer), कैलालीमा - ९८५८४२४८९२, बारा - ९८४५२२४५२१, सुनसरी - ९८५२०५४९४६ र रूपन्देही - ९८५७०२६२२३ मा सम्पर्क गरी बुझाउन सक्नुहुन्छ ।

**छनोट प्रक्रिया:**

- तीन जनाको स्वतन्त्र निर्णायक मण्डल तथा CSC को प्रतिनीधिले प्रत्येक कला विधामा उत्कृष्ट कलाकृतिहरू छनोट गर्नेछ ।
- प्रत्येक कलाविधामा छानिएका शीर्ष १५ कलाकृतिहरुबारे कलाकारलाई सूचित गरिनेछ र काठमाडौंमा उनीहरूको कला प्रदर्शन गर्ने अवसर प्रदान गरिनेछ।
- छानिएका कलाकृतिहरू शान्ति र सामाजिक सद्भावको सन्देश फैलाउन CSC द्वारा सञ्चालन गरिने #peacethroughmyeyes सामाजिक अभियानको लागि सहभागी गराइने छ ।
- उत्कृष्ट १५ बाट प्रत्येक श्रेणीमा उत्कृष्ट तीन जना विजेतालाई प्रमाणपत्रसहित पुरस्कृत गरिनेछ।
- नतिजा सार्वजनिक नहुञ्जेलसम्म प्रतियोगितामा पठाइएको कलाकृतिहरू कतै पनि सहभागी, प्रकाशन वा प्रसारण गर्न पाइनेछैन । CSC ले उक्त कलालाई आफ्नो आन्तरिक प्रकाशनमा पनि प्रयोग गर्ने अवसर प्रदान गरिने छ ।

**सहभागीको व्यक्तिगत विवरण (अनिवार्य):**

- नाम
- संस्था
- इमेल
- सम्पर्क नम्बर
- एक डिजिटल फोटो

बुझाउने समय अवधि: कलाकृति बुझाउनको लागि अन्तिम मिति ३१ भाद्र २०८१ (१६ सेप्टेम्बर २०२४, ५ बजे सम्म)

थप जानकारीको लागि : contact@socialchange.org.np मा सम्पर्क गर्नुहोला ।